**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०१ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले आज मुंबईको जिओ वर्ल्ड कन्वेंशन सेंटरमा पहिलो **वर्ल्ड ऑडियो विजुअल एंटरटेनमेंट सम्मेलन-वेव्स** को उद्धाटन गर्नुभयो।
२. पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनंद बोसले पूर्व शिक्षामन्त्री पार्थ चटर्जी विरुद्धको मनी लान्ड्रिङ मामिलामा प्रवर्तन निर्देशनालय (ईडी) लाई अभियोजनको अनुमति दिनुभएको छ।
३. आज अंतरराष्ट्रीय श्रमिक दिवस हो । यस अवसरमा दार्जीलिङ पहाड लगायत तराई डुवर्समा पनि श्रमिक दिवस भव्यताका साथ पालन गरियो|
४. दार्जीलिङका सांसद राजु बिष्टले “गाउँ चलौं अभियान” अन्तर्गत जवाहर बस्ती र पानदाम क्षेत्रको भ्रमण अवधि “हर घर जल योजना”-मा गम्भीर अनियमितता र भ्रष्टाचार भएको आरोप लगाउँनुहुदै यस विषयमा केन्द्र सरकारलाई अवगत गराउने बताउनुभएको छ।
५. कालेबुङ जिल्लाको १० माईल अन्तर्गत 9 नम्बर वार्डमा भयावह आगलागी भएको जानकारी प्राप्त भएको छ।
पच्छिम बंगाल माध्यमिक शिक्षा बोर्डले माध्यमिक परिक्षाको परिक्षाफल भोलि घोषण गर्ने जनाएको छ।

**संशो प्रधानमंत्री वेव्स**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मुम्बईको जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा पहिलो वर्ल्ड ऑडियो विजुअल एंटरटेनमेंट सम्मेलन-वेव्सको- उद्धाटन गर्नुभयो। वेव्स बाजार पहलको सराहना गर्दै प्रधानमन्त्रीले यसले नवोन्मेषक र रचनाकारहरूलाई प्रोत्साहित गर्ने बताउनु भयो।

प्रधानमन्त्री मोदीले वेव्स शिखर सम्मेलनमा भारतको रचनात्मक शक्ति वैश्विक मञ्चमा उजागर गर्ने बताउनु भएको छ। प्रधानमन्त्रीले भन्नुभयो लाइव एंटरटेनमेंट उद्योगए विशेष गरी लाइव कन्सर्टमा पनि देशको विकासलाई अगाडि बढाउने अपार सम्भावना रहेको छ। श्री मोदीले भन्नुभयो वर्तमानमा वैश्विक एनिमेसन बजारको 430 अरब डलरभन्दा बढीको छ र आगमी दशकमा यो दोब्बर हुने अनुमान गरिएको छ। उहाँले भन्नुभयो भारतको एनिमेसन र ग्राफिक डिजाइन उद्योगको लागि वैश्विक मंचमा स्वयमलाई स्थापित गर्ने एक ठूलो अवसर हो।

श्री मोदीले भन्नुभयो भारत, विश्वको तेस्रो सर्व वृहत अर्थव्यवस्था बनिने मार्गमा प्रयासरत छ र उसित विश्वको तेस्रो सबैभन्दा ठुलो स्टार्टअप सिस्टम हो।
प्रधानमन्त्रीले भन्नुभयो भारतीय फिल्महरू अब विश्वको हरेक कुनामा पुगिरहेका छन् र आज भारतीय फिल्महरू सयभन्दा बढी देशहरूमा प्रदर्शन भइरहेका छन्।

****** ० ******

**पार्थ चटर्जी**

पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनंद बोसले पूर्व शिक्षामन्त्री पार्थ चटर्जी विरुद्धको मनी लान्ड्रिङ मामिलामा प्रवर्तन निर्देशनालय (ईडी) लाई अभियोजनको अनुमति दिनुभएको छ। यो विषय राज्य सरकारद्वारा सञ्चालित विद्यालयहरूमा प्राथमिक शिक्षकहरूको भर्तीसँग सम्बन्धित छ। यस विषयको जानकारी राजभवनका एक अधिकारीले आज दिएका हुन्।माध्यमिक विद्यालयहरूमा नियुक्तिहरूसँग सम्बन्धित कथित घोटालामा पार्थ चटर्जी विरुद्ध मुद्दा चलाउन राज्यपालले पहिला बाटनै सीबीआईलाई अनुमति दिसक्नु भएको छ। पार्थ चटर्जी तृणमूल कांग्रेसका विधायक हुन् र उनले बेहला पश्चिम विधानसभा क्षेत्रको प्रतिनिधित्व गर्छन्।यसका साथै, राज्यपालले पश्चिम बंगाल प्राथमिक शिक्षा बोर्डका तत्कालीन अध्यक्ष माणिक भट्टाचार्य विरुद्ध मुद्दा चलाउन ईडीलाई अनुमति दिनुभएको छ। यो मामिला प्राथमिक शिक्षकहरूको भर्नामा भएको कथित अनियमिततासँग सम्बन्धित छ।उल्लेखनीय छ पार्थ चटर्जीलाई करोडौं रुपियाँको प्राथमिक शिक्षक भर्ती घोटालामा संलग्न भएको आरोपमा ईडीले

२०२२ मा पक्राउ गरेको थियो। उनले २०११ देखि २०२१ सम्म राज्यको शिक्षामन्त्रीको रूपमा काम गरेका थिए। डिसेम्बरमा, कलकत्ता उच्च अदालतले उनलाई स्कूल नोकरी घोटाला मामिलामा जमानत दिन अस्वीकार गरेको थियो।

**श्रमिक दिवस मुख्यमन्त्री**

श्रमिक दिवसको अवसरमा राज्यकी मुख्यमन्त्री ममता ब्यनर्जीले श्रमिकहरूप्रति शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले एक सोशल मीडियामा पोस्टमा– "अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा म आफ्ना दाज्यु-भाई तथा दिदी-बहिनीहरु प्रति हार्दिक शुभकामना व्यक्त गर्दाछु साथै हामीलाई आफ्ना श्रमिकहरूमाथि गर्व छ" भनि बताउनुभएको छ|उल्लेखनीय छ, श्रमिक दिवस हरेक वर्ष एक मईमा मनाइन्छ। यो दिन विश्वभरिका श्रमिकहरूको अधिकार, सम्मान अनि उनीहरूको सामाजिक तथा आर्थिक योगदानलाई मान्यता दिनका लागि मनाइन्छ। यसको शुरुआत वर्ष 1886- मा अमेरिकाको शिकागो शहरबाट भएको थियो त्यस समय श्रमिकहरूले आठ घण्टाको कार्यदिवसको मागलाई लिएर आन्दोलन गरेका थिए। यस दिनले हामीलाई श्रमिकहरूको संघर्ष तथा अधिकारहरूलाई स्मरण गराउँछ। उनीहरूको कल्याणको लागि निरन्तर प्रयास गर्ने प्रेरणा दिन्छ।

**अन्तर्राष्ट्रिय श्रमिक दिवस खरसाङ**

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको आयोजनामा श्रमिक दिवस पालन गरिएको छ। खरसाङको स्प्रिङ साइड सार्वजनिक भवनमा सम्पन्न यस कार्यक्रमलाई हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको सभापति सागर गुरुङले अध्यक्षता गरेका थिए भने प्रमुख अतिथिको रूपमा नारी शक्तिको केन्द्रीय अध्यक्षा एंव खरसाङ खण्ड पञ्चायत समितिको सभापति अनु छेत्री प्रधान उपस्थित रहेका थिए। कार्यक्रममा मिरिक निवासी चर्चित गायक जितेन लेप्चा डा प्रयास तामाङ र डा प्रवेश तामाङ, कवि मिलन प्रधान, पत्रकार हनोक थापा आदिलाई सम्मान जनाइएको थियो । कार्यक्रममा कविता वाचन, गीत आदि पनि प्रस्तुत गरिएको थियो।

**अजय एडवर्ड्स श्रम दिवस**

इण्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख अजय एडवर्ड्सले आज कलेज भ्याली चिया बगान परिसरमा एचएचटीडीसीएसएस ट्रेड युनियनद्वारा आयोजित अन्तर्राष्ट्रिय श्रम दिवस कार्यक्रममा सहभागिता जनाउनुभयो। कार्यक्रममा बोल्नुहुदै एडवर्ड्सले श्रमिकहरूको योगदानप्रति गहिरो कृतज्ञता प्रकट गर्नुभयो अनि श्रमिक वर्ग समाजको मेरुदण्ड रहेको बताउनुभयो।

**सांसद राजु बिष्ट**

दार्जीलिङ लोकसभा क्षेत्रका सांसद राजु बिष्टले “गाउँ चलौं अभियान” अन्तर्गत जवाहर बस्ती र पानदाम क्षेत्रको भ्रमण गर्नुभएको छ। भ्रमणका क्रममा उहाँले स्थानीय बासिन्दासँग प्रत्यक्ष भेटघाट गर्दै उनीहरूको समस्या, माग र गुनासोहरू सुन्नुभएको छ।सांसद बिष्टले संवादको क्रममा “हर घर जल योजना”-मा गम्भीर अनियमितता र भ्रष्टाचार भएको आरोप लगाउँदै यस विषयमा केन्द्र सरकारलाई अवगत गराउने बताउनुभयो। साथै, आगामी दिनमा यस्ता योजनाहरूको निगरानी आफैले गर्ने र जनताको हितमा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।उहाँले सरकारका विभिन्न कल्याणकारी योजनाहरू जनताको घरदैलोसम्म पुगोस् भन्ने उद्देश्यले गाउँ चलौं अभियान सञ्चालन गरिएको जानकारी पनि गराउनुभएको छ। स्थानीयबासीहरूले सांसदसँग प्रत्यक्ष रूपमा समस्या राख्न पाएकोमा सन्तोष व्यक्त गर्दै सुधारको अपेक्षा गरेका छन्।

**रामकृष्ण मिशन स्थापना दिवस**

आज रामकृष्ण मिशनको स्थापना दिवस हो। 1 मई 1857 मा स्वामी विवेकानंदले उत्तर कोलकातामा ठाकुर रामकृष्णको अनुयायी बलराम बसुको घरमा रामकृष्ण मिशनको स्थापना गर्नुभएको थियो। मिशनको उद्देश्य ठाकुर रामकृष्णको आदर्शहरुलाई प्रचार गर्नु थियो। यो दिवस बेलूर मठ अनि बलराम मंदिरमा मनायिन्दै छ । यस अवसरमा आज विशेष पूजा अर्चनाको कार्यक्रम आयोजित गरिएको छ।

## एसएससी भर्ती

लगभग २६ हजार एसएससी भर्ती रद्द गर्ने विषयमा सर्वोच्च अदालतको आदेश पालना गर्ने विवादमा नयाँ मोड आएको छ। कलकत्ता उच्च अदालतको डिभिजन बेन्चले आज पेन्डिङ तलब रिकभरी र ओएमआर सिट सार्वजनिक गर्ने सम्बन्धी मुद्दाहरू उच्च अदालत वा सर्वोच्च अदालतले सुनुवाइ गर्ने भन्ने महत्त्वपूर्ण प्रश्नमा सुनुवाइ पूरा गरेको छ र हालको लागि निर्णय सुरक्षित राखेको छ।उच्च अदालतका न्यायाधीश देवाशु बसक र न्यायाधीश मोहम्मद शब्बर रशिदीको डिभिजन इजलासमा सुनुवाइ भएको थियो। यो मामिला सर्वोच्च अदालतको आदेशसँग सम्बन्धित छ जसमा २०१६ को एसएससी भर्ती प्रक्रिया पूर्ण रूपमा रद्द गरिएको थियो। सर्वोच्च अदालतले सम्पूर्ण प्यानललाई अवैध घोषित गरे पनि, पछि योग्य ठहरिएका उम्मेदवारहरूलाई विद्यालयमा योगदान गर्न अनुमति दिइएको थियो र उनीहरूको तलब पनि स्वीकृत गरिएको थियो। अदालतले यो पनि स्पष्ट पारेको थियो कि राज्य सरकारले यस वर्ष भर्ती प्रक्रिया पूरा गर्ने भनी ३१ मई सम्ममा शपथपत्र दिनुपर्नेछ। यद्यपि, यो आदेश ग्रुप सी र  ग्रुप डी उम्मेदवारहरूको हकमा लागू हुनेछैन।उच्च अदालत र सर्वोच्च अदालतको स्पष्ट आदेशक हुदा पनि पनि विद्यालय सेवा आयोग (एसएससी) र विद्यालय शिक्षा विभागले 'दागी' शिक्षकहरूको तलब असुल गर्ने र ओएमआर सिट प्रकाशित गर्ने जस्ता निर्देशनहरूको पालना नगरेको वादीहरूले आरोप लगाएक छन्। उच्च अदालतले यसअघि स्पष्ट रूपमा भनेको थियो कि ‘दागदार’ र ‘अयोग्य’ शिक्षकहरूको ओएमआर सिटसार्वजनिक गरिनुपर्छ र ‘दागदार’ शिक्षकहरूबाट तलब असुल गर्ने प्रक्रिया पूरा गरिनुपर्छ।आज यस महत्वपूर्ण मुद्दामा सबै पक्षको तर्क सुनेपछि उच्च अदालतको डिभिजन बेन्चले निर्णय सुरक्षित राखेको छ। अब सबैको नजर अदालतको निर्णयमा केन्द्रित छ, जसले भविष्यमा यो मुद्दा कुन अदालतमा सुनुवाइ गर्ने भन्ने निर्णय गर्नेछ।

## कालेबुङ आगलागी

कालेबुङ जिल्लाको १० माईल अन्तर्गत 9 नम्बर वार्डमा भयावह आगलागी भएको जानकारी प्राप्त भएको छ। उक्त आगलागीमा 8 परिवारहरु बस्ने घर जलेर क्षतिग्रस्त भएको छ भने  अन्य घरहरू पनि आगलागीका कारण प्रभावित बनेको छ ।

## माद्यामिक परिक्षाफल

पच्छिम बंगाल माद्यामिक शिक्षा बोर्डले दसौ श्रेणीको बोर्ड परिक्षा अर्थात माध्यमिक परिक्षाको परिक्षाफल भोलि घोषण गर्ने जनाएको छ। बोर्डले एक प्रेस बिज्ञपति जारी गर्दै परिक्षाफल बिहानी नौ बजेबाट  घोषणा गर्ने तथा नौ पैतालिसबाट अनलाइन मार्फत परिक्षाको फलाफल  हेर्नसक्ने बताइएको छ।